निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२३

मिति : २०७८/०३/२४

## प्रेस विज्ञप्ति

### अन्तरक्रिया कार्यक्रम सम्बन्धमा ।

निर्वाचन आयोगमा संवैधानिक आयोगका पदाधिकारी (महिला) हरुसँग निर्वाचन व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम आज मिति २०७८।३।२४ गते सम्पन्न भएको छ । कार्यक्रममा लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, मधेशी आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, समावेशी आयोगका पदाधिकारी तथा कर्मचारीको सहभागिता रहेको थियो । यस कार्यक्रममा संवैधानिक आयोगको भूमिका र चुनौती, निर्वाचन सञ्चालन तथा व्यवस्थापन, लैङ्गिक तथा समावेशी नीति, निर्वाचन आचारसंहिता अनुगमन र पर्यवेक्षण लगायतका विषयमा अन्तरक्रिया भएको थियो । कार्यक्रमको उद्घाटन गर्नु हुँदै माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले लैङ्गिक तथा समावेशिताको विषय सबै निकायसँग सम्बन्धित भएको, यसमा कानूनी रुपमा धेरै समस्या नभए पनि व्यवहारिक रुपमा समस्या रहेको कुरा बताउँदै विभिन्न क्षेत्रमा महिला सहभागिताको तुलनामा कार्यकारी पदहरुमा महिलाको उपस्थिति न्यून रहेकोले शासकीय प्रणालीलाई समावेशी बनाउन सबै निकाय बीचको समन्वयलाई मजबुद बनाउँदै कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । माननीय निर्वाचन आयुक्त डा.श्री जानकी कुमारी तुलाधरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आयोगका सचिव सुरेश अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा आयोगका माननीय आयुक्तज्यूहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

078/3/24

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np